कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY साप्ताहिक

वर्ष ४ अंक ५१ (संयुक्तांक २०५) ने. सं. ११३५ दिल्लाथ्व त्रयोदशी बुधवाः २०७२ श्रावया १३ गते बुधवार (Jul 28, 2015) पृष्ठ ६ मूल्य रु.५/-

# चार प्रमुख दलभित्र बल्झियो तीन वटा नयाँ विवाद

**कीर्तिपुर सन्देश साप्ताहिक/**

आउँदो साउन मसान्त भित्र नयाँ संविधान जारी गर्ने भनी प्रमुख राजनीतिक दल कांग्रेस, एमाले, एकीकृत माओवादी र फोरम लोकतान्त्रिकका नेतादेखि संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले समेत लागातार रुपमा अभिव्यक्ति दिदै आएका छन् ।

विगतमा साउन १५ गते भित्र नयाँ संविधान जारी गर्ने प्रतिबद्धता व्यक्त गरेका चार दलका नेताहरु प्रधानमन्त्री सुशील कोइराला, एमालेका अध्यक्ष केपी शर्मा ओली, एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड र फोरम लोकतान्त्रिकका अध्यक्ष विजय गच्छेदारले जुन सुकै हालतमा साउन मसान्तभित्र नयाँ संविधान जारी गर्ने बताउदै आएतापनि पछिल्लो समयमा आएर ती चार राजनीतिक नेताहरुवीच तीनवटा विषयमा विवाद चर्कदै गएको छ । संविधानको मस्यौदा तयार गर्नुअघि सहमति भएका विषय पनि पछिल्लो समयमा आएर विवाद भएका विषयहरुमा प्रत्यक्ष निर्वाचित कार्यकारी अधिकार सम्पन्न प्रधानमन्त्री वा राष्ट्रपति राख्ने कि संसदवाट निर्वाचित कार्यकारी अधिकार सम्पन्न प्रधानमन्त्री राख्ने भन्ने विषयमा विवाद भएको छ । त्यसै गरी संविधान जारी गर्न अघि नै प्रदेशको सिमाङकन गर्ने कि नगर्ने भन्ने विषयमा पनि विवाद बढदै गएको छ । त्यसै गरि अर्को विवादित विषय भनेको धार्मिक सवालमा हो ।

मस्यौदा संविधानको विषयमा सुझाव लिने क्रममा जनताले दिएका सुझाव र विरोधको प्रक्रिया आएपछि यी विषयमा दलका नेताहरुले विवाद गर्न सुरु गरेका हुन । प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा एमाले, एकीकृत माओवादी र फोरम लोकतान्त्रिक रहेको छ भने नेपाली कांग्रेस भने त्यसको विपक्षमा उभिएको छ ।

त्यसै गरि तत्काल नै प्रदेशको सिमाङकन गर्ने सवालमा एकीकृत माओवादी र फोरम लोकतान्त्रिक रहेको छ भने कांग्रेस र एमाले त्यसको विपक्षमा रहेको अवस्था छ । यसै वीच नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गर्ने सवालमा एकीकृत माओवादी रहेको छ भने धार्मिक स्वतन्त्रताको पक्षमा कांग्रेस, एमाले र फोरम लोकतान्त्रिक रहेको छ । यसरी चार राजनीतिक दलहरुवीच विवाद रहेको अवस्थामा पनि सहमति गरि संविधान निर्माण गर्नका लागि दलका शीर्ष नेताहरु लगातार रुपमा साउन महिनाको अन्तिम समयसम्म पनि लाग्ने अवस्था देखिन्छ । यी विवादित विषयमा त्यति सजिलै सहमति गर्न सकिने अवस्था भने छैन ।

## संघीय समाजवादीदेखि बैद्य माओवादी वीच आन्दोलनका लागि संयुक्त मोर्चाको पहल



२०६२/०६३ सालको जनआन्दोलन, मधेस विद्रोह, जनजाति आन्दोलन र अन्तरिम संविधानको भावनाको विपरित संविधानसभामा प्रतिनिधित्व गरेका प्रमुख चार राजनीतिक दल कांग्रेस, एमाले, एकीकृत माओवादी र फोरम लोकतान्त्रिकले नयाँ संविधान निर्माण गर्न लागेको ठहर गर्दै संघीय समाजवादी फोरम नेपालदेखि संविधानसभा बाहिर रहेको मोहन बैद्यको नेतृत्वमा रहेको नेकपा-माओवादीले आन्दोलनका लागि संयुक्त मोर्चा बनाउने तयारी गरेको छ ।

अन्तरिम संविधानको भावना अनुसार पहिचान सहितको संघीयता, संघीयता सहितको संविधानलाई सुनिश्चित गर्न सडक आन्दोलनको आवश्यकता ठहर गर्दै केहि दिन अघिदेखि लगातर रुपमा संघीय समाजवादी फोरम नेपाल र बैद्य माओवादीका नेताहरुवीच विभिन्न चरणमा वार्ता भइरहेको छ ।

संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव उपत्यका बाहिरवाट बुधवार सम्ममा काठमाण्डौंमा फर्कने र त्यसपछि दुई पार्टीका शीर्ष नेताहरुवीच आन्दोलनको वारेमा छलफल गरि आन्दोलनका कार्यक्रम समेत सार्वजनिक गरिने थाहा भएको छ ।

जनताको संविधानका लागि सडक आन्दोलनका लागि बनाउने नयाँ मोर्चामा आफूहरुको मुद्दामा सहमति भएका सविधानसभा भित्र रहेका र संविधानसभा बाहिर रहेका अन्य राजनीतिक पार्टीहरुलाई समेत सहभागी गराउने सन्दर्भमा पनि अनौपचारिक रुपमा छलफल भइरहेको थाहा भएको छ ।

**लोकसेवा तयारी कक्षाहरु नयाँ कक्षाहरु धमाधम शुरु हुँदैछ**

**विहान ६:३० बजे साँझ ५ बजे**

प्रशिक्षकहरुः

निजामति सेवा क्षेत्रका अति योग्य, अनुभवी, विज्ञ पुस्तक लेखक तथा विद्यार्थीहरुमा लोकप्रिय शिक्षकहरुद्वारा कक्षाहरुको व्यवस्था

**शाखा अधिकृत**

प्रथम, द्धितीय, तृतिय र चतुर्थ पत्र

**पहिलो ग्रुपलाई विशेष छुट गरिने छ**

**अन्तरक्रिया कक्षा**

**विहान ६:३० बजे साँझ ५ बजे**

**हाम्रा सेवाहरु**

- दैनिक निशुल्क नोटहरु दिइने र सामान्य ज्ञानको दैनिक परीक्षा लिई विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरुको राम्रो व्यवस्था गरिने ।
- लोकसेवा आयोगको परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुले सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Weekly Model Tests पनि लिइने र परीक्षामा लेखिएका कपीहरु उचित सूझावसहित पुनः फिर्ता दिइने ।
- लेखनसीप विकाशको लागि विज्ञद्वारा आवश्यक रुपमा कक्षाहरु हुने थप onus, Revision / Exam Facing Technique कक्षाहरुको व्यवस्था ।
- निशुल्क एक महिने Special Computer Course (लोकसेवाको Syllabus अनुसार) साथै Interview Preparation कक्षाहरु ।

**Valley Institute Kirtipur**

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रबन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# धर्म निरपेक्षताको विरोध नेताहरुको बैचारिक दरिद्रता

**संविधान निर्माणको क्रममा प्रमुख दलका नेताहरुले नै धर्म निरपेक्ष राज्यको विरोध गर्दै आएका छन् । संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख दलका राजनीतिक नेताहरुले नै धर्म निरपेक्षताको अर्थ नै थाहा नभएको त हैन भनी प्रश्न उठ्न थालेको छ । अनी प्रत्येक दिन सार्वजनिक कार्यक्रममा बोल्दै धर्म निरपेक्षता त हुदै हुन्न भन्न थालेका कारण ती नेताहरुको बैचारिक दरिद्रता घाम जतिकै छर्लङ हुदै आएको अवस्था छ ।**

**धर्म निरपेक्षता भन्नाले वास्तवमा राज्यले कुनै पनि धर्मको पक्ष नलिने अर्थात राज्यको नजरमा नेपालका सम्पूर्ण धर्म समान भन्ने हो । अनि धार्मिक स्वतन्त्रता भनेको व्यक्तिको मौलिक हक हो । धार्मिक स्वतन्त्रता भन्नेले धर्म मान्ने वा नमान्ने, आफूले परम्परादेखि मान्दै आएको धर्म मान्न पाउने र धर्म परिवर्तन गर्ने स्वतन्त्रता हो । अर्थात धर्मको विषयमा आफैले निर्णय गर्ने हो ।**

**तर नेपालका राजनीतिक दलका नेताहरुले धर्म निरपेक्षता भनेकै धर्म परिवर्तनको अधिकार सम्झी धर्म निरपेक्षताको विरोध गर्दै आएका छन् । मानौं कि धर्म निरपेक्ष राज्य घोषणा भयो भने हिन्दू धर्मालम्वी धर्म परिवर्तन गर्न बाटो छ । यस्तो मानसिकतावाट प्रमुख दलका प्रमुख नेताहरुले धर्म निरपेक्षतालाई प्रमुख मुद्दाको रुपमा लिई बहस गर्ने र धर्म निरपेक्षताको स्थानमा धार्मिक स्वतन्त्रता राख्नुपर्ने बताउदै आएका छन् । वास्तवमा यो नेपालका यथास्थितिवादी नेताहरुको बैचारिक दरिद्रता हो । यस्ता नेताहरु देशको प्रधानमन्त्री भए देश कस्तो होला संविधान कस्तो आउला अनुमान गर्न सकिने कुरा हो ।**

## गजल– शौरभ शाक्य, ख्वप

गजल–१
बा वःगु खुसिया जाः स्वले
गुलि स्या नुगःया घाः स्वले ।

नेतातय्सं ब्युगु फयगं बचं
जनताया दुनुगलं छु धा स्वले ।

भुखाय ब्वया बस्ती क्वदल
अन राहत गुलि माः स्वले ।

सहयायेगु बानी यक्वः स्यन
विरोधया तःसं गुलि पाः स्वले ।

मिखां मि ल्होया गन च्यात
मुस्याया जलं छु नाः स्वले ।

# प्रमुख चार दल तानाशाही प्रवृत्ति तिर

## अहिलेका सत्ताधारीहरुले पनि बहुमतको आधारमा जनताको आवाज दबाउन खोज्यो भने देशमा फेरि अर्को द्वन्द्व सुरु नहोला भन्न सकिंदैन ।



नजरराम महर्जन

नेपाली कांग्रेस, नेकपा एमाले, एनेकपा माओवादी र फोरम लोकतान्त्रिकले १६ बुँदे सहमति गरी नामांकन र सिमांकन विनाको संविधान बनाउने काम अघि बढाए । १६ बुँदे सहमति अनुसार संविधान बनाउन खोज्नु भनेको अन्तरिम संविधान विरुद्ध ठहर गर्दै अधिवक्ता विजयकान्त कर्ण लगायतले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । सो रिटमा न्यायाधीश गिरिशचन्द्र लालको एक इजलासले अन्तरिम संविधानको धारा ८२ र १३८ विपरित कुनै काम नगर्न अन्तरिम आदेश दिएको थियो ।

सो अन्तरिम आदेशमा भनिएको थियो -'धारा १३८ मा भने अनुसारको सीमा, संख्या, नाम र संरचना लगायतका राज्यको अग्रगामी पुनसंरचना हुनु भन्दा अगाडि नै संविधानसभाको विघटन हुनु संविधानको व्यवस्था विपरित हुने भन्ने कुरा प्रष्ट हुन्छ । साथै संवैधानिक व्यवस्था विपरित संविधान बनाउने चेष्टा भएमा आउने संविधानले समेत विवादास्पद हुने, राष्ट्रको शान्ति व्यवस्थामा खलल पुग्न सक्ने र अर्को द्वन्द्व निम्त्याउने आशंका समेत हुनसक्छ । यस्तो प्रक्रियाबाट राज्यलाई अपूर्णीय क्षति हुन सक्ने हुँदा नेपालको अन्तरिम संविधानको धारा १, ८२ र १३८ को व्यवस्था विपरित कुनै कार्य नहोस् भनी अर्को आदेश नभएसम्मका लागि अन्तरिम आदेश जारी गरी दिइएको छ ।'

अन्तरिम संविधानको धारा १३८ मा प्रदेशहरु स्वायत्त र अधिकार सम्पन्न हुने र प्रदेशहरुको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशहरुको सूचीहरुको पूर्ण विवरण, साधन स्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गर्ने उल्लेख छ ।

अन्तरिम संविधानको धारा १ मा संविधान देशको मुल कानून हुने र यो सँग बाझिएका सबै कानून अमान्य हुने उल्लेख छ । सर्वोच्चको अन्तरिम आदेशमा यो धारालाई उल्लेख गर्दै १६ बुँदे सहमति संविधानसँग बाझिएको भन्दै मान्य नहुने प्रष्ट पारेको छ ।

यसैगरी धारा ८२ मा संविधानसभाले पारित गरेको संविधान लागू भएको दिनदेखि संविधानसभाको काम स्वत समाप्त हुने र अर्को निर्वाचन नभएसम्म व्यवस्थापिकाको कामकारबाही उक्त सभाले पारित गरेको संविधानमा उल्लेख भए बमोजित हुने उल्लेख छ । सर्वोच्चको फैसलामा यो धारालाई उल्लेख गरेर रुपान्तरित संसदले प्रदेशहरुको नाम र सीमा टुङ्गो लगाउने दलीय सहमति संविधान विपरित हुने देखाएको छ ।

यसैगरी धारा १३८ मा प्रदेशहरु स्वायत्त र अधिकार सम्पन्न हुने र प्रदेशहरुको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशहरुको सूचीहरुको पूर्ण विवरण, साधन स्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गर्ने उल्लेख छ ।

तर, दलहरुले गरेको १६ बुँदे सहमतिमा ८ प्रदेश हुने उल्लेख भए पनि नामांकन प्रदेश सभाले र सीमांकन आयोगले गर्ने उल्लेख छ । दलहरूबीच भएको सहमति संवैधानिक व्यवस्था विपरित भएको भन्दै सर्वोच्चले कार्यान्वयनमा रोक लगाएको छ ।

सर्वोच्चको अन्तरिम आदेशलाई वास्तै नगरी चार दलले बहुमतको दम्भमा नामांकन र सिमांकन बेगरको संविधानको मस्यौदा तयार पारी जनताको राय लिन गत श्रावण ४ र ५गते दुई दिनमा राय सुझाव संकलन गरियो । ७५ जिल्लाभएको देशमा ५४ जिल्लामात्र सुझाव लिने काम भयो । सुझाव दिने अधिकांशले राष्ट्रप्रमुख प्रत्यक्ष निर्वाचित हुनुपर्ने, संविधान जारी गर्नुभन्दा अगाडि नै प्रदेशहरुको नामांकन र सिमांकन हुनुपर्छ भनेर राय सुझाव दिएका छन् । सर्वोच्चको अन्तरिम आदेश नमान्ने चार दलका नेताहरुले जनताको राय सुझाव मान्ला भन्ने के विश्वास गर्ने ? सुझाव संकलनमा आएका जनताका सुझावहरु संविधानमा राख्छ कि राख्दैन भन्ने जनताले शंका लिइरहेकै अवस्थामा ४ दलका नेताहरुको भनाई बाहिर आउन थालेका छन् । नेकपा एमाले अध्यक्ष के.पी. शर्मा ओलीले पत्रकारहरुलाई भने, "अहिले संविधान जारी गर्ने, त्यसपछि संविधानसभाबाट नै एउटा आयोग बनाएर आयोगले सिमांकन गर्ने छ । त्यसपछि प्रादेशिक चुनाव गर्ने, त्यही प्रदेशले नामांकन गर्ने छ ।"

यसको अर्थ नेकपा एमाले सर्वोच्चको आदेश मान्न मात्र तयार नभएको होइन, जनताको आदेश पनि नमान्ने भएको छ । यस्तो पाराले भोलि देश कतातिर जान्छ सहजै अनुमान गर्न सकिन्छ । सर्वोच्च अदालतको आदेश नमान्ने भएपछि भोलि सरकारको आदेश जनताले मानेन भने के गर्ने ? अदालतको आदेश सरकारले नमानेझैं जनताले पनि मानेन भने देशको अवस्था कस्तो होला ?

प्रत्यक्ष निर्वाचित राष्ट्र प्रमुखको सवालमा नेकपा एमाले, एनेकपा माओवादी र फोरम लोकतान्त्रिक सकारात्मक देखिए पनि नेपाली कांग्रेस सुधारिएको संसदीय व्यवस्थामा अडिग रहेका छन् । एमालेका वरिष्ठ नेता झलनाथ खनालका अनुसार नेपाली कांग्रेसको संविधानसभामा एक तिहाई भन्दा बढी मत छ । नेपाली कांग्रेसले नमानेसम्म यो व्यवस्था लागु हुन सक्दैन । त्यसैले जनताको माग भए पनि प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुखको बुँदा संविधानमा राख्न सकिंदैन । यसमा अलमली रहे संविधान जारी गर्न सक्दैन ।

यो मस्यौदा संविधानमा रहेको धर्मनिरपेक्षता हटाएर हिन्दू धर्म राख्न दवाव आइरहेका छन् । यसको समर्थनमा ठाउँ ठाउँमा जुलुस प्रदर्शन भइरहेका छन् । यसको सन्दर्भमा अहिले आएर नेताहरुले भन्न थालेका छन् धर्मनिरपेक्षता को बदला धार्मिक स्वतन्त्रता राख्न सकिन्छ । नेपाली कांग्रेसका नेताहरु त खुलेरै हिन्दू धर्मको पक्षमा बोलिरहेका छन । हिन्दू धर्म राख्दा हिन्दू राष्ट्र हुने, हिन्दू राष्ट्रमा हिन्दू राजा फर्केर आउने हो कि भन्ने नेताहरुमा डर नभएको भए हिन्दू धर्म राख्न बेर लगाउँदैनथे होला यी नेताहरुले । यो मस्यौदा संविधानको विरोधमा आदिवासी जनजाति, मधेसी लगायत उत्पिडनमा पारिएका समुदायले विरोध गरिरहेका छन् । ठाउँ ठाउँमा सुझाव संकलन गर्न अवरोध पुऱ्याइरहेका छन् । उनीहरुलाई वेवास्ता गर्दै संविधानको सुझाव लिने नाटक गरियो । सुझाव दिनेहरुको सुझावलाई पनि अनेकौं बहानामा समावेश नगर्ने बताइरहेको छ । यसबाट के बुझिन्छ भने यो मस्यौदा संविधानको सुझाव संकलन गर्ने विपक्षीहरुले भनेझैं एउटा नाटक मात्र हुन् । डेढ अर्ब रुपैयाँ राष्ट्रको ढुकुटीबाट खर्च गर्ने मेसो मात्र हो । जुन व्यवस्थाले जनताको आवाजलाई कदर गर्दैन, न्यायालयको आदेश मान्दैन त्यसलाई तानाशाही भनिन्छ । अनि आफ्नो कुराको विरोध गर्नेलाई दबाउन खोज्नु भनेको निरंकुश प्रवृत्ति हो । नेकपा एमालेका नेताहरुलाई सत्तारोहण गर्न हतार भइसकेको छ । संविधान जारी भएपछि एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्ने सहमति भएको छ । आफू प्रधानमन्त्री बन्न हतार भएका कारण अदालत र जनताले नामांकन र सिमांकन गरेर मात्र संविधान जारी गर्न आदेश दिए पनि त्यस आदेशलाई वेवास्ता गरी संविधान जारी गर्न हतार गरिरहेका छन् ।

जुन संविधान जारी हुने वितिक्कै च्यात्न र जलाउन ठूलै समूह तयार भएर बसेका छन् । एकदिन पनि टिक्न नसक्ने संविधान जारी गरेर देशमा अनिष्ट निम्त्याउन खोजेको पक्कै हो । कुनै पनि निरंकुश तानाशाहले आफ्नो कुरा लाद्न जस्तोसुकै निरंकुश कदम चाल्न तयार हुन्छ । त्यसवाट देशमा गृहयुद्ध होस् वा नरसंहार गर्न पनि पछि पर्दैन ।

हिजो पंचायत व्यवस्था किन ढल्यो भन्दा उही निरंकुश तानाशाही प्रवृत्तिका कारण हुन् । अहिलेका सत्ताधारीहरुले पनि बहुमतको आधारमा जनताको आवाज दबाउन खोज्यो भने देशमा फेरि अर्को द्वन्द्व सुरु नहोला भन्न सकिंदैन । त्यसैले नहतारिकन अलि ढिलै भए पनि सबैलाई मान्य हुने संविधान ल्याउनु बुद्धिमानी हुनेछ ।

# पाँगाको सामुदायिक स्वास्थ्य सर्वेक्षण



त्रिभुवन विश्वविद्यालय स्वास्थ्य शिक्षा, स्वास्थ्य जनसंख्या तथा शारीरिक शिक्षा विभाग अन्तर्गत दोस्रो सेमेस्टरका विद्यार्थीहरुले पाँगाको सामुदायिक स्वास्थ्य सर्वेक्षण गरेका छन्।

पाँगाको सामुदायिक स्वास्थ्य सर्वेक्षण अन्तर्गत ठोस फोहर मैला व्यवस्थापन सम्बन्धि कीर्तिपुर नगरपालिका वडा नं.९ का ९० वटा घरमा गएर सर्वेक्षण गरिएका थिए। सो को जानकारी दिन गत साउन २ गते सेतो गुराँस बालबाटिका को हलमा प्रथम भेलाको आयोजना गरिएको थियो।

वातावरण संरक्षण समाजका अध्यक्ष शंकर डंगोलको प्रमुख आतिथ्यतामा र विद्यार्थी ओमा आङदम्बेको सभापतित्वमा लक्ष्मण हायुले कार्यक्रम संचालन गरेका थिए। उक्त कार्यक्रममा प्रा.डा. श्यामकृष्ण महर्जन, वातावरण संरक्षण समाजका महिला प्रतिनिधिहरु, पाँगा महिला बचत तथा ऋण सहकारीका प्रतिनिधिहरु र समेत सहभागी भएका थिए।

राजबहादुर शाहीले कार्यक्रमको औचित्य बारे जानकारी दिनुहुँदै त्रि.वि.को स्वास्थ्य शिक्षा अन्तर्गत ५२८ को पाठ्यक्रम पूरा गर्न पाँगालाई अध्ययन केन्द्र बनाएर सर्वेक्षण गरेको बताउनु भयो। स्वस्थ समुदायले नै स्वस्थ मान्छे बनाउँछ। "आफ्नो गाउँ आफै बनाउँ, अरुलाई देखाउँ" भन्ने धारणालाई पाँगाका बासिन्दाले देखाएको बताउनु भयो।

प्रोजेक्टरबाट स्लाईडस्लो देखाएर प्रस्तुत गरिएको उक्त सर्वेक्षणमा ९० घरका मध्ये ८० घरकाले फोहरमैला सम्बन्धि तालिम लिएको र फोहरलाई व्यवस्थित गर्नु पर्छ भन्ने जानकारी रहेको देखाइएको छ।

वातावरण संरक्षण समाजका प्रवन्धक सरब कुमार महर्जनले वातावरण संरक्षण समाजको परिचय र हालसम्म गरिंदै आएको कामबारे जानकारी दिंदै सर्वेक्षणको केन्द्रविन्दु पाँगालाई बनाएकोमा धन्यवाद दिनुभयो।

प्रमुख अतिथि शंकर डंगोलले फोहरबाट मोहर बनाउने अभियान अन्तर्गत वातावरण संरक्षण समाजले कुहिने फोहरबाट कम्पोष्ट उत्पादन गरी बिक्री वितरण गरि रहेको जानकारी दिनुभयो।

सभापति ओमा आङदम्बेले सर्वेक्षण गर्ने क्रममा वातावरण संरक्षण समाजका प्रतिनिधिहरु र पाँगावासीमा सहयोगी भावना अत्यन्त उच्च रहेकोले यो सर्वेक्षण गर्न सहयोग पुगेको बताउँदै सबैलाई धन्यवाद दिंदै सभा विसर्जन गर्नु भयो।

# स्ववासी लालपूर्जा लिन कीर्तिपुरमा समिति गठन

कीर्तिपुर नगरको प्राचिन बस्ती कीर्तिपुरको गढपर्खालभित्र डाँडामा बसोबास गर्दै आइरहेका कीर्तिपुरवासीहरुको स्ववासी घर र जग्गाको जग्गा धनी प्रमाण पुर्जा अहिलेसम्म पनि विभिन्न कारणले प्राप्त गर्न सकेका छैनन्। त्यस्ता स्वबासी घर र जग्गा दर्ता गराएर पुर्जा दिलाउन कीर्तिपुरमा स्वबासी घर, जग्गा दर्ता व्यवस्थापन समिति गठन गरिएको छ।

श्रावण ४ गते कीर्तिपुरमा भएको सरोकारवाला स्वबासीहरुको भेलाले ९ सदस्यीय व्यवस्थापन समिति गठन गरिएको हो। कीर्तिपुरका पुराना वस्ती (ग:प:खा) भित्रका कीर्तिपुर नगरपालिका वडा नं.१,२,३,४,५,६ र १७मा गरेर सयौं कीर्तिपुरवासीसँग लालपुर्जा छैन। गत बैशाख १२ र २९ गतेको भुकम्पले कीर्तिपुरको पुरानोवस्तीमा थुप्रै घरहरु बस्नै नहुने गरी बिग्रेका छन्। सरकारले भुकम्प पिडीतलाई दिने राहत लिन घरको लालपुर्जा नहुँदा राहत लिनबाट बन्चित हुने संभाबना बढेकोले उक्त समिति गठन गरी यथाशिघ्र लालपुर्जा लिन कोशिस गर्ने जनाइएको छ। कीर्तिपुरमा वि.सं.२०२१ साल र २०५६ सालमा पुनः नापी गरिएको भए पनि अहिलेसम्म लालपूर्जा लिन नपाएकाहरु थुप्रै रहेका छन्। उक्त समितिले नेपाल सरकारको प्रधानमन्त्री कार्यालय, मुख्य सचिव र भुमिसुधार तथा व्यवस्था मन्त्रालय मातहत नापी विभागमा पहल गर्ने बताइएको छ। समितिमा अध्यक्ष विरेन्द्र शाक्य, उपाध्यक्ष नरेश महर्जन, सदस्यहरुमा प्रेमरत्न बज्राचार्य, मंगलबहादुर महर्जन, यबिनकुमार महर्जन, रमित महर्जन, सिजन महर्जन, सिद्धिरत्न बज्राचार्य र नानीमैया रञ्जित हुनुहुन्छ।

# जोखिममा पोल्ट्रीफार्म

पोल्ट्रीफार्म जोखिममा परेपछि कुखुरा पालन व्यवसायीहरु ओझेलमा परेका छन्। पाँचथर स्थायी घरभई विगत ३ वर्षदेखि कीर्तिपुरमा कुखुरापालन व्यवसाय गर्दै आएका मधु गुरुङको कुखुरा फार्म गत बैशाख १२ र २९गते आएको विनाशकारी भुकम्पले भत्केपछि समस्यामा परेका हुन्। उक्त फार्म निर्माणको लागि कामदारहरु नपाउने एवम् पाएका कामदारहरुले समेत महंङगो ज्याला असुल्ने गरेका कारण पुनः निर्माण गर्न नसकिएको गुरुङले बताउनु भयो।

करिब ४ रोपनी जग्गामा फैलिएको उनको ५ वटा फार्ममा १२ र २९ गतेको विनासकारी भुकम्पले करिव २ हजार चल्ला र मासुका लागि तयार भएको ५ हजार कुखुरा नोक्सान भएको गुरुङको भनाई छ। ७ लाखको लागतमा बनाइएको सो फार्म पूँजी अभावको कारण पुनः निर्माण गर्न नसकिएको गुरुङले बताउनु भयो।

भूकम्प प्रभावितहरुका लागि सरकारी पक्षबाट राहतको व्यवस्था भए पनि पोल्ट्रीफार्म व्यवसायीहरुलाई त्यसको कुनै व्यवस्था नभएको गुरुङले जनाए। भूकम्प प्रभावितहरुका लागि प्रदान गरिने राहत रकम सही पिडितले पाउन नसकेको गुरुङको गुनासो रहेको छ।

–शान्ति तामाङ (प्रशिक्षार्थी पत्रकार)
२०७२/०४/११

*प्रत्येक बुधवाः तपाईको घर घरमा प्रत्येक अंक विशेष अंक*

**कीर्तिपुरको चित्रण**

*कीर्तिपुर सन्देश साप्ताहिक*

कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७






# आगामी आईसीसीटी-२०विश्वकप क्रिकेटको १६ राष्ट्रको छिनोफानो



–नविन महर्जन–

आगामी वर्ष सन् २०१६मा हुने आईसीसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुने १६ राष्ट्र टिमको छनोट प्रक्रिया सम्पन्न भएको छ । आगामी ११ मार्चदेखि ३ अप्रिल सम्म भारतको प्रमुख ८ शहर मा आयोजना हुने उक्त प्रतियोगितामा नेपालले खेल्ने सपना त अधुरो भयो । तर यस अघि नेपालभन्दा निकै तल वरियतामा रहेको ओमानसमेत सहभागी हुनु भनेको यस पल्ट अवश्य नेपाली टिम अभाग्य सावित हुनु र आगामी प्रतियोगितामा निरन्तर मेहेनत र परिश्रम गरे माथि जान सक्ने सम्भावना समेत जीवित रहेको देखाइएको छ ।

गत शनिवार पछिको छनोट प्रक्रिया अनुसार आगामी विश्वकपमा सहभागी हुने सबै राष्ट्रको छिनोफानो भएको छ। जस्मा टेस्ट खेल्ने देशमा च्याम्पियन श्रीलंका, इग्ल्याण्ड, अस्ट्रेलिया, न्यूजिल्याण्ड, पाकिस्तान, दक्षिण अफ्रिका, वेस्टइण्डिज, बंगलादेश र जिम्बाबे एवं आयोजक राष्ट्र भारत रहेका छन् । त्यसैगरी छनोट प्रक्रिया पार गरेका आयरल्याण्ड, स्कटल्याण्ड, नेदरल्याण्ड, हङकङ, ओमान र अफानिस्तान रहका छन् ।

टेस्ट खेल्न मान्यता प्राप्त १० राष्ट्र छनोट प्रक्रियामा सहभागी हुने प्रावधान छैन । बाँकि ६ राष्ट्रको निम्ती स्कटल्याण्ड र आयरल्याण्डमा विश्व ट्वान्टी-२० विश्वकप क्रिकेटको छनोट प्रक्रिया सम्पन्न भएको थियो । यस छनोट प्रक्रिया अन्तर्गतको पहिलो सेमिफाइनल गत शनिवार सम्पन्न भएको थियो । उक्त खेलमा टस हारी हङकङले पहिला ब्याटिङ्ग गर्दै १९.४ ओभरमा ११६ रन बनाई अलआउट भएको थियो। जवकि ब्याटिङ्गमा स्कटल्याण्डले १२.२ ओभरमा नै ५ विकेट गुमाई विजय लक्ष्य पार गरेको थियो। जस्ले गर्दा ५ विकेटले विजयी भई फाइनल पुगेका थिए। त्यसै गरी दोस्रो फाइनल खेल आयरल्याण्ड र नेदरल्याण्डस् बीच शनिवार नै सम्पन्न भएको थियो । आयरल्याण्ड १ बल बाँकी छँदा १२८ रन बनाई अल आउट भएको थियो जवाफमा नेदरल्याण्डले १८.१ ओभरमा ५ विकेट गुमाई सफलता पाएको थियो । जस्ले गर्दा फाइनलमा नेदरल्याण्डले स्कटल्याण्डसँग भेट पक्का गरेको थियो ।

यस छनोट प्रतियोगिताको पहिलोदेखि छैटौं स्थानसम्म रहेका टिम आगामी वर्ष भारतमा हुने विश्वकपमा सहभागी हुने प्रावधान रहेको छ । यस प्रतियोगिताको फाइनलमा प्रथम हुने टिम पहिलो स्थान तथा उप विजेता टिम दोस्रो स्थानमा रहने छ । त्यसैगरी सेमिफाइनलमा पराजित हङकङ र आयरल्याण्ड तेस्रो र चौथो स्थानको लागि खेलेका हुन् ।

यस छनोट प्रतियोगितामा खफगानिस्तान ५ औं स्थानमा रही पुनः विश्वकपमा सहभागीता भएको छ भने छैठौं स्थानमा रही ओमान पहिलो पटक विश्वकप ट्वान्टी-२० मा सहभागी हुने अवसर प्राप्त भएको छ । दुर्भाग्यवश नेपाली टिमले पनि छनोट खेलमा अवश्य राम्रो प्रदर्शन गर्ने विश्वास लिएको थियो तर त्यो सत्य सावित हुन सकेन जस्ले गर्दा क्रिकेट प्रेमीहरुलाई ठूलो चोट पारेको छ। आगामी दिनमा अवश्य राम्रो प्रदर्शन गरी मल्हम लगाउने अपेक्षा गरौं ।

# गोलभेडाको भाउ बढेपछि किसानहरु खुशी

गोलभेडाको भाउ आकाशीय पछि किसानहरु चकित छन् । गतवर्ष नपाएको भाउ यसपाली पाएपछि किसानहरु खुसी भएका हुन् ।

कीर्तिपुरको सल्यानस्थानमा करिव १२ रोपनी जग्गामा व्यवसायिक रुपले तरकारी खेती गर्दै आएका अशोक तामाङले सोचेभन्दा बढी गोलभेंडाको भाउ पाउँदा खुसी छन् । विगत ७ वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आएको र यसपाली जस्तो तरकारीको भाउ कहिल्यै नपाएको तामाङको भनाई छ । तामाङले गोलभेंडाको साथसाथै अन्य तरकारी बाली पनि लगाएका छन् ।

गोलभेडाबाट नै महिनामा आफ्नो खर्च कटाएर करिव २ लाख आम्दानी हुने बताएको छ । यसरी गोलभेंडा लगायत अन्य तरकारीको भाउ समेत बढेपछि कृषिमा लगानी गर्न लगानीकर्ताहरु इच्छुक देखिन्छन् । यसै प्रकारले कृषिलाई व्यवसायिक रुप दियो भने युवाहरु विदेश पलायन हुन नपने र विदेशमा कमाउने पैसा स्वदेशमा कमाउन सक्ने अशोकले बताउनुभयो ।

यसरी कृषकहरुको कृषिमा सक्रियता बढदै जाँदा कृषि उत्पादन बृद्धि हुने र बेरोजगारी समस्या हल हुने अवस्था देखिन्छ। आगामी बजेटमा कृषिमा गरिने बजेट विनियोजन बृद्धि गर्न सके कृषि व्यवसाय बृद्धि हुन गई परनिर्भरता रोक्न सकिने देखिन्छ ।

-शान्ति तामाङ (प्रशिक्षार्थी पत्रकार) २०७२/०४/१०

*साहित्य कविता/मुक्तक*

## नयाँ संविधान



**कवि राम महर्जन**
**नगाउँ, किनपा-१६**

मान्यता प्राप्त दलहरुको विचार पनि
न समेटी बनाइएको नयाँ संविधान
लाठीको भरमा लाड्न खोजेर
बुद्धको बाटो अवलम्बन होला र ?
चौतर्फि विरोध हुँदाहुँदै
नेताहरुको ज्यान जोगाउन पनि
मुश्किल भएको देख्दा देख्दै
छिटफुट मात्र विरोध भनि
पंचायती शैलीको टिप्पणी सुनिंदा
सत्ताधारी शासक वर्गहरु
झुठको राजनीति गर्नमा
कति पनि लाज नमान्दो रहेछ
अशान्तिको विउ सानो पनि पुग्छ
क्रान्तिको जन्म सजिलै हुन्छ
सत्तामा विराजमान नेताहरुलाई
यसबारे सबै कुरा विदितै छ
देश चलाउन संविधान चाहिन्छ नै
जनता र विपक्षीको विचार समेटी
सकभर कसैलाई ठेस नपुऱ्याई
नयाँ संविधान बनाउँदा हुँदैन र ?
भन्ने बेला लोकतन्त्रमा
सबैको विचार सुन्नुपर्छ
सबैको हक अधिकार सुनिश्चित हुनुपर्छ
गर्ने बेला आफ्नै मनोमानी ?
यस्तो पाराले देशमा शान्ति होला ?
अवश्य हुँदैन, त्यसैले सत्ताधारी नेताहरु
दुरगामी प्रभावलाई विचार गरी मात्र
नयाँ संविधान घोषणा गर्दा बेश हुन्छ कि ?

## ज्ञानीया छुं मुक्तक



**ज्ञानी आर. मानन्धर**

१
त्यानुया झासु लनागु लुमंला छं
सुनां मखंक घय्पुनागु लुमंला छं
बुईं सयाच्वंगु वाउँ आलुबखरा नया
प्वाः झ्यातुया आउँ जूगु लुमंला छं !

२)
ल्यासे ह्त्यःचा !
बांलाःम्ह मयजु खना ल्वःवन, ल्यू वना
तुइसे च्वंगु ल्हा खना ल्वः वन, थ्यू वना
लिफः स्वया ल्हानं न्हासय् जुक्कुगु छत्थु
न्हासि वःगु न्हाय् ज्वना मेम्ह प्यू वना ..!

३)
पिलाकु क्यना लँय् जुइमते मय्जु
लं जवाः तय्त लुफिं हाकेमते मय्जु
पिलाकु मखु नुगः यचुपिचुकेगु स्व
माँ अबुया इज्जत छ्वय्मते मय्जु !

४)
जिं छन्त लुमंका च्वना
छ याकःचा जुल ला धका
म्हंगसय् नं खंका च्वना
हाकनं नापलाई ला धका !

हार्दिक बधाई एवं स्वागतम्
२०७१ सालको एसएलसी परीक्षामा उतीर्ण हुने सम्पूर्ण विद्यार्थीहरुलाई यस विद्यालय सफलताको हार्दिक बधाई ज्ञापन गर्दछ ।
साथै विभिन्न विद्यालयबाट उतीर्ण हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई पनि हार्दिक बधाई दिंदै उच्च मावि अध्ययनको लागि यस विद्यालयमा हार्दिक स्वागत गर्न चाहन्छ ।
Admission Open
for Morning Shift
Forms are available in School Office
* Management
* Education
* Humanities



JANASEWA 10+2
Panga, Kirtipur-12 Ph. 4330880/4331982

# गर्भिणी स्त्री तथा उपयोगी सल्लाह



**सोनेलाल साह**
B.A.M.S Final Phase
आयुर्वेद क्याम्पस,
कीर्तिपुर

"शुक्र शोणितजीवसंयोगेतु खलु कुक्षिगते गर्भसंज्ञा मवति"

गर्भाशयमा शुक्र, शोणित र जीवात्माको संयोग हुनुलाई गर्भको संज्ञा दिइएको छ।

गर्भवती स्त्रीमा भएको गर्भ एउटा भाँडोमा राखिएको तेल समान हुन्छ,अलिकति पनि लापर वाही भयो भने तेल जसरी पोखिन्छ त्यसरी नै गर्भ पोखिन सक्छ वा गर्भश्राव तथा गर्भपात हुनसक्छ।

अतः गर्भवती स्त्रीहरुलाई र ाम्ररी स्याहार र उचित एवं उपयोगी सल्लाह दिनुपर्दछ। जुन उपयोगी सल्लाहरुको वर्णन तल गरिएको छ ।

गर्भकालमा हुने स-साना कष्ट र वाधाहरुको उपचार ती स्वयं गर्न सकून र गर्भस्थ बालकको जीवन रक्षा होओस्।

किनकि गर्भकालको सामान्य व्याधिहरु पनि असावधानी र बेवास्ताले गर्दा कहिले काहीं आमा र बालक दुवैको जीवन संकटमा पर्न सक्छ । तसर्थ यी सामान्य कुराहरुको ज्ञान प्रत्येक स्त्रीलाई हुनै पर्दछ ।

१) गर्भिणी स्त्रीले सदैव आफ्नो रुचिको स्वादिष्ट र पौष्टिक, साध्विक तथा सूपाच्य भोजन गर्नुपर्दछ। खानेकुरामा– ूध, शर्बत, खीर,खिचडी, हरियो सागपात खानुपर्दछ । गर्भकालमा रक्सी, भांग, कोकोकोला, कफी र बढी गर्मी गर्ने कुनै पनि मादक कदापि सेवन गर्नु हुँदैन। कतिपय ग्रामिण परिवेशमा गर्भवती स्त्रीहरु माटो, अंगार (कोइला) खान मन पर ाउँछन् रखान्छन् । तर ो निकै हानिकारक हुन्छ । त्यसरी मन लागेको बेलामा एक टुक्रा बंशलोचन मुखमा राखे राम्रो हुन्छ । २) गर्भिणी स्त्रीले निकै सफा-सुग्घर बस्नुपर्दछ । घरको सफाई लुगाहरुको सफाई, ओढ्ने-ओछ्याउनेको र बस्ने स्थानको सफाई, खुला र स्वच्छ हावा, घाम र प्रकाश आदिको समुचित ध्यान राख्नुपर्दछ। ३)गर्भवती स्त्रीले सधै राम्रा राम्रा कुरा नै सोच्नु-विचार्नु र बोल्नु सुन्नुपर्दछ। धार्मिक पुस्तक गीता, रामायण आदि पढ्न र वीर पुरुषहरु र आदर्श व्यक्तिहरुको जीवन चरित्र हेर्स्न। किनभने यस अवधिमा आमाको जस्तो विचार र कर्म हुन्छन्, त्यस्तै गर्भस्थ शिशुमा प्रभाव पर्दछ । यसको उदाहरणमा अभिमन्यूको कथा जान्न सुन्न सकिन्छ। ४) गर्भिणी स्त्रीले सकेसम्म प्रसन्न र चिन्तामुक्त रहनुपर्दछ । बढी चिन्ता, शोक, क्रोध, लोभ,घृणा र ईर्ष्या आदि मनोविकारमा विजय पाउनु पर्दछ । किनकी यसका कुप्रभाव गर्भस्थ बालकमा पर्न सक्दछ र बालक रोग ग्रसित उत्पन्न हुन सक्दछ। ५)गर्भिणी स्त्रीले बढी परिश्रम र गाह्रो वस्तु उचाल्नु हुँदैन। तर जुनबेला पनि बसिरहनु वा सुतिरहनु पनि हानिकारण छ। प्रतिदिन एकछिन डुल्ने र सामान्य व्यायाम अनि घर का सानातिना काम गरे हुन्छ । गाउँले स्त्रीले जाँतो चलाए वा पीठो पिंधे उत्तम हो । यसले व्यायाम पनि हुन्छ र गभाशयमा मार पनि पर्दैन । ६)गर्भिणी स्त्रीले खाने बित्तिकै सुत्नु हुँदैन । एकैछिन विश्राम गरेर केही बेरपछि फेरि सुते पनि हुन्छ। गर्भकालमा अरु दिनभन्दा बढी विश्राम गर्नुपर्दछ । जस्तै राती ८ घण्टा र दिनमा २ घण्टा अनिवार्य सुत्नुपर्दछ। ७) गर्भिणी स्त्रीले मल-मुत्र, हाई, खोकी, हिक्का र अपानवायु तथा डकार आदि शरीरका स्वाभाविक वेगहरु रोक्नु हुँदैन। यिनलाई रोक्नाले कहिलेकाहीं डरलाग्दो ब्याधि उत्पन्न हुने सम्भावना रहन्छ। ८) गर्भकालमा समागनबाट जोगिन आवश्यक छ । ९) बिहान नित्यकर्मभन्दा पहिले १/२ लि. पानी (चिसो) पिउनु पर्छ । यसले गर्भिणीलाई कब्जियत हुन्न र गर्भस्थ शिशुका आँखा ठूला हुन्छन्। १०) काँचो नरिवल र मिश्रि खानाले बालकको रंग गोरो हुन्छ। ११) खाने सोडा वा केशर गाईको दूधमा मिसाएर पिउने गरे सुन्दर बालक जन्मिन्छ। १२) गर्भिणी स्त्रीले कुनै डोरीको खांट, मेच वा चकटी राखेको स्थानमा बस्नु पर्दछ। भूमि वा कठोर स्थानमा बस्नु हुँदैन । १३) गर्भिणी स्त्रीको पेटमा बर ाबर चिलाइरहन्छ। यसको लागि नरिवलको तेलमा कपूर मिलाएर विस्तार-विस्तार पेटमा लगाउनु। १४) आरम्भका ४ महिनामा गर्भिणीले भोको पेट बस्नु हुँदैन। उल्टी आइरहेपनि अलि-अलि, छिन छिनमा खाँदै रहनुपर्दछ । १५) गर्भावस्थामा जति सके पानी पिउनु पर्दछ। यसले शरीरमा विष जम्मा हुन पाउँदैन र पसिना एवं पिशावद्वारा निस्केर जान्छ। १६) गर्भिणी स्त्रीले अलि थोरै र पौष्टिक भोजन गर्नु पर्दछ। त्यसले गर्भस्थ शिशुलाई बढ्न सहायता मिल्दछ । बढ्ता खानाले बालक बढ्ने अवसर पाउन्न। १७) गर्भिणी स्त्रीले इच्छा लागेको बस्तु अवश्य खानु, तर अलि थोरै खानु। तर पति वा घरका अन्य परिवारसित लुकाएर नखानू । १८) गर्भिणी स्त्रीले पहिलेका मासिक धर्मका दिन सम्झेर महिनामा ३-४ दिन पूर्ण विश्राम गर्नु ।त्यसो गर्नाले गर्भपातको भय रहन्न । १९) पीरो, अमिलो, तीक्ष्ण र बढी तातो वस्तुहरुको सेवन गर्न गर्भणीलाई वर्जित छ। २०) यदि गर्भिणीलाई पखाला लाग्यो भने सूप र जीरा समभाग भुटेर तातातै पिंधी त्यसमा अनुमानले मिश्रीमिलाई त्यसको सोह्र भागको एक भाग जति बिरेनून मिलाएर तातो पानीसँग खानु। दिशा थामिन्छ। २१)पाँचौं र छैठौं महिना सम्म बालकको त्वचा (छाला) बन्दछ। अतः ती दिनहरुमा गोरा र राम्रा एवं स्वस्थ बालकहरुलाई हेर्नाले तथा तिनलाई प्यार गर्नाले र तिनकै ध्यान-चिन्तन गर्नाले गर्भस्थ शिशु पनि गोरो र राम्रो जन्मिन्छ । २२) सातौं महिनामा बालकको मस्तिष्कमा वृद्धि आउँदछ र उसका मानसिक विकास हुन्छ। अतः यस अवधिमा बुद्धि चातुर्यका कुरा पढ्नु, विचार गर्नु र सुन्नु पर्दछ। यसले बालक बुद्धिमान र बाठो एवं विद्वान उत्पन्न हुन्छ। २३) गर्भावस्थामा चाँदीको पात्रमा बिहानै दूध वा दही सेवन गर्दै रहनाले असन्दिग्ध रुपमा बालक राम्रो जन्मन्छ । २४) गर्भिणीलाई ज्वरो आयो भने Quinine आदि औषधि कदापि नदिनु । यसले गर्भपातको डर हुन्छ। योग्य डाक्टरको सल्लाहले औषधि खाने गर्नुपर्छ । २५) गर्भीणीको दाँतमा कष्ट छ भने हींगको डल्लो कपासमा राखेर दुखेको दाँतले थिच्दा केही बेरमा आराम हुन्छ । २६) यदि घाँटी पोल्ने भएको छ भने खानेकुरा खानुभन्दा पहिले दहीमा मिश्री वा चिनी मिलाएर खाए लाभ हुन्छ। २७) यदि घाउ खटिरा वा चिल्लाउने भयो भने नौनीमा सफेदा मिलाएर लगाए निको हुन्छ। २८) गर्भिणीको कपाल दुख्यो भनेक्ष्दगउचयवभब, लष्क आदि सेवन गराउनु हुँदैन चर्को औषधि वा कफि, चाय पनि नदिनु। यी सबै तातो वस्तुहरु हानिकारक हुन्छ । २९)गर्भिणीलाई अतिसार (Diarrhoea), पखाला भयो भने अतीस, सुगन्धबाल, नागरमोथा र इन्द्र जौको काढा पकाएर चीसो पारी पिउन दिनु, आराम हुन्छ । ३०) यदि गर्भिणीलाई अजीर्ण भयो भने हींग, बीरेनून र अदुवाको झोल मिलाएर खान दिए आराम हुन्छ।


## लेखा अधिकृतको आवश्यकता

कीर्तिपुरको अग्रस्थानमा रहेको पहिलो सामुदायिक कलेजमा निम्नलिखित कर्मचारी आवश्यक परेकोले योग्यता पुगेका महानुभावहरुवाट दरखास्त आव्हान गरिन्छ ।

**पदः** **लेखा अधिकृत**
**संख्या :** **१ जना**
**योग्यताः** **व्यवस्थापन संकायमा स्नात्तक तह उत्तिर्ण**
***(लेखा विषय लिएका र व्यवस्थापन संकायमा स्नाकोत्तर उत्तिर्ण गरेकालाई विषेश ग्राह्यता दिइनेछ ।)***
**सेवाको किसिमः** **करार**
**अनुभवः** **सम्बन्धित काममा कम्तीमा ५ वर्षको अनुभव**
(शैक्षिक संस्थामा काम गरेकालाई विषेश ग्राह्यता दिइनेछ ।)
**सुविधाः** **कलेजको नियमानुसार**

दरखास्त दिने अन्तिम मिति :
२०७२ साल श्रावण १९ गते मंगलवार बिहान ११:०० सम्म
नोट : थप जानकारीको लागि कलेज समय बिहान ६:०० बजेदेखि ११:०० बजे सम्ममा सम्पर्क गर्नु होला ।

**शहीद स्मारक कलेज**
नयाँबजार, कीर्तिपुर–३



## शिक्षक आवश्यकता

कीर्तिपुरको अग्रस्थानमा रहेको पहिलो सामुदायिक कलेजमा निम्न लिखित विषय शिक्षकहरु आवश्यक परेकोले योग्यता पुगेका महानुभावहरुवाट दरखास्त आव्हान गरिन्छ ।

**पद** : शिक्षक
**विषय** : नेपाली, अर्थशास्त्र, गणित तथा तथ्याङ्क शास्त्र, होटल म्यानेजमेन्ट र कम्प्युटर
**संख्या** : सम्बन्धित विषयमा १/१ जना
**योग्यता**: सम्बन्धित विषयमा स्नाकोत्तर तह कम्तीमा दोस्रो श्रेणीमा उत्तिर्ण (होटल म्यानेजमेन्ट विषयको हकमा सम्बन्धित विषयमा स्नातक गरी अन्य कुनै विषयमा स्नाकोत्तर उत्तिर्ण गरेकालाई पनि मान्यता दिइनेछ ।)
**सेवाः** पार्ट टाइम (मासिक ज्यालादारी)
**सुविधा** : कलेजको नियमानुसार

**दरखास्त दिने अन्तिम मिति :**
२०७२ साल श्रावण १९ गते मंगलवार बिहान ११:०० सम्म
नोट : थप जानकारीको लागि कलेज समय बिहान ६:०० बजेदेखि ११:०० बजे सम्ममा सम्पर्क गर्नु होला ।

**शहीद स्मारक कलेज**
नयाँबजार, कीर्तिपुर–३

# कीर्तिपुर नगरपालिका अप्ठ्यारो स्थितिमा





**हाल कीर्तिपुर नगरपालिकाको कार्यालय रहेको चोभारस्थित भवन र कार्यालय भित्रको अवस्था**

कीर्तिपुर नगरपालिकाको आफ्नो भवन नहुँदा विरोलोले ठाउँ सारेजस्तो यता उता भौंतारिन परिरहेको छ ।

गत बैशाख १२ गतेको विनाशकारी भूकम्पपछि राहत सामाग्री वितरण गर्न ल्याउँदा केही पिडितहरुले राहतको लागि नगरपालिकाका कर्मचारीहरुलाई हातपात गर्न खोजेको कारण देवढोकामा असुरक्षा महसुस गऱ्यो ।

सुरक्षाको खोजी गर्दै जाँदा चोभारस्थित एपीएफको रेडियो टावर स्टेशनको तल्लो तल्लामा अफिस राख्न पुग्यो । त्यहीबाट राहत सामाग्री वितरण हुन थाल्यो ।

नगरपालिकामा काम विशेषले जाने सेवाग्राहीहरुलाई असुविधा भयो भनेर सिकायत आएपछि बैशाखको तेस्रो साता पुनः देवढोकास्थित सामुदायिक भवन (पुरानै ठाउँ)मा बस्न आयो । तर बैशाख २९ गतेको पराकम्पले फेरि नगर पालिकाको कार्यालय चोभारमै सार्न बाध्य पाऱ्यो ।

नगरपालिकाको अफिस चोभारमा हुँदा न त जनतालाई पायक पर्छ न त नगरपालिकाका कर्मचारीहरुलाई नै सुविधा छ । कीर्तिपुर नगपालिकाको कार्यालय कीर्तिपुरको देवढोकामा छँदा आठ नौवटा कोठामा अलग अलग बसेर काम गरिरहेका कर्मचारीहरु अहिले एउटै कोठामा लाईनले एउटा एउटा टेबुल राखेर काम गर्नु परि रहेको छ ।

कार्यकारी प्रमुख, लेखा प्रमुख, बरिष्ठ इन्जिनियर एउटै कोठामा अलग टेबुल पनि नराखी काम गरि रहेका छन् । बस्ने ठाउँ नभएर कतिपय कर्मचारीहरु उभिएर या पाल मुनी बसेर काम गरिरहेका छन् ।

पहिले सेवाग्राहीले खचाखच भर्ने नगरपालिकामा अहिले सुनसान जस्तो देखिन्छ । अत्यन्त जरुरी काम नभईकन सेवाग्राही जान छाडेका छन् ।

नगरपालिका कीर्तिपुर क्षेत्रमा अब कहिले आउने भन्ने प्रश्नमा बरिष्ठ इन्जिनियर बालकृष्ण महर्जनले भन्नुभयो, “देवढोकाको अफिसमा मर्मत संभार भइरहेको छ । त्यो सकिएपछि फर्किन्छु ।”

कहिलेसम्म काम सकिन्छ भन्ने प्रश्नमा उहाँ भन्नुहुन्छ शायद अर्को हप्तासम्ममा ।

# पाँगाको मसानमा सुधार कार्य सम्पन्न





कीर्तिपुर नगरपालिका वडा नं.१८ भाजंगलस्थित पाँगालीहरु को दीप (मसान) मा सुधार कार्य सम्पन्न भएको छ ।

काठमाडौं जिल्ला क्षेत्र नं.१० का सभासद राजेन्द्र कुमार के.सी. को सभासद कोषको सहयोगमा सो काम सम्पन्न भएको हो ।

भाजंगलस्थित पाँगालीहरुको मसानमा जान खुड्किलाहरु पहिले सिमेन्टको बनाइराखेको भए पनि सानो र फराकिलो नहुँदा हिंड्न अलि अप्ठयारो महसुस गरी सो खुड्किला अलि चौडाई बढाएर फराकिलो बनाइएको छ। विष्णुदेवी मसानघाट उपभोक्ता समितिको अध्यक्ष बद्रीलाल महर्जन (नायः तःगुठी पाँगा) का अनुसार उक्त खुडकिलामा पीसीसी गरी टायल राखिएको छ। जसले गर्दा बाटोमा चिप्लो नहुने साथै मलामीहरुलाई घाम पानीबाट ओट लाग्नको लागि जस्तापाता को एउटा टहरा पनि बनाएको छ ।

गत बैशाख १२ गतेको भुकम्पले गर्दा काममा ढिलाई हुन गएको हो । आर्थिक वर्षभित्रमा सम्पन्न गर्नु पर्ने भएकोले यस वर्ष गर्न सक्ने काम मात्र भएको छ। बाँकि काम अर्को साल गर्ने अध्यक्ष बद्रीलाल महर्जनले बताउनु भयो।

विष्णुदेवी संरक्षण समाजले बनाईराखेको चर्पी तपाईंहरुले भत्काइदिनुभयो नि भनि सोधेको प्रश्नको जवाफमा बद्रीलाल महर्जन भन्नुहुन्छ, “त्यो चर्पिको कुनै औचित्य छैन । चर्पि फोहर भएर दुर्गन्धित अवस्थामा थियो । त्यसलाई सफा गर्न र व्यवस्थित गर्न कसैले पहल गरेको थिएन । त्यस चर्पिले हाम्रो मसानघाट छेकेको थियो । मलामीहरु जमघट हुन पनि ठाउँको अभाव थियो । त्यसैले भत्काएको हुँ । अब विष्णुदेवी संरक्षण समाजसँग सल्लाह गरेर उहाँहरुको गुरु योजनामा प्रभाव नपर्ने गरी अलि राम्रो र व्यवस्थित ट्वाईलेट बनाउने छु । त्यसको साथै दीपबाट सुन्दरीघाट जाने पुरानो बाटो चालु गर्न एउटा कलभर्ट बनाएर त्यो बाटो चालू गर्ने योजना छ ।”

पाँगालीहरुको यस दीप अरु ठाउँको दीपभन्दा भिन्नै विशेषता भएको दीप हो । अरु ठाउँमा जस्तो लास जिर्ण नभएसम्म गुथियारहरुले कुरिरहनु पर्दैन । दागबति दिनेले दागवति दिइसकेपछि गुथियारहरुले लासमाथि पराल भिजाएर छोपेर आउँछन् । भोलिपल्ट विहान खरानी भइसकेको हुन्छ । उक्त खरानीलाई सुन्दरीघाटस्थित बागमतीमा सेलाउन लैजाने चलन रहेको छ ।

“न्यूनतम शूल्कमा गुणस्तरीय शिक्षा, SS College को प्रतिवद्धता”
700+ Students
Admission Open
+2
MANAGEMENT
HUMANITIES
EDUCATION
English + Nepali Medium
☞ Computer Science
☞ Holel Management
☞ Mass Communication
☞ Major English & .............
BBS, BA/BSW
First & Best College of Kirtipur
शहीद स्मारक कलेज
SS COLLEGE
नयाँबजार, कीर्तिपुर नयाँ गेट
फोन नं. ४३३३९३७, ४३३०२७९

गुणस्तरीय निर्माण सामग्रीगरु सुपथ मुल्यमा
हाम्रा सेवाहरु
• डन्डी • बाँस • ईट्टा
• रोडा • बालुवा • सिमेन्ट
सम्पर्क :
बालकुमारी सप्लायर्स
पागा, हनुमानघाट
प्रोप्राइटर सुरेन्द्र महर्जन
फोन : ९८४३९३४५३३,
: ९८०३५२३७५७, ४३३५४७६

Binod Maharjan
9841369552, 9808644666
बि.आर्टस्
B.Arts
Nayabazar, Kirtipur-17
B. Arts
Banner, Flex Board
Glows/ Signboard
Sticker Cutting & Printing
Screen/ Rubber Printing
Self-ink Stamp
PVC(ID)/ Visiting Card
Printing Support
Nayabazar, Kirtipur
☎ 4335491, b_arts@yahoo.com